# परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको संक्षिप्त प्रगति विवरण

## (क) शिक्षा, युवा तथा खेलकूद

१. हाल प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्नादर ११४.६२ प्रतिशत रहेको छ। यस्तै, ECD को अनुभवसहित कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको हिस्सा ९९ प्रतिशत रहेको छ।

२. कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर ३७.३ प्रतिशत र कुल प्रवेशदर १४०.४५ प्रतिशत रहेको छ।

३. आधारभूत तह प्राथमिक कक्षा (१-५) मा खुद भर्नादर ५९.१३ प्रतिशत र कुल भर्नादर ११.३१ प्रतिशत रहेको छ। साथै, आधारभूत तह प्राथमिक कक्षा (१-५) कुल भर्ना दरमा लैंगिक समता सूचाङ्क ०.९० रहेको छ।

४. आधारभुत तह कक्षा (१-८) मा खुद भर्ना दर ५१.९६ प्रतिशत र कुल भर्ना दर १०४.८२ प्रतिशत रहेको छ।

५. समीक्षा अवधिमा १.६५ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन्।

६. नगरपालिकाका ६८ वटा सामुदायिक विद्यालयका कक्षा १ दखि ८ सम्मका ३,८२८ विद्यार्थीहरूका लागि स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण तथा छपाई कार्य भएको छ।

७. समीक्षा अवधिमा ५७ वटा विद्यालयका IEMIS स्रोत शिक्षकहरूलाई IEMIS अद्यावधिक सम्बन्धी कार्यशाला सञ्चालन गरी शिक्षक तलब भत्ता, दिवाखाजा छात्रवृत्ति माग गर्ने लगायतका कार्यमा सहजीकरण प्रदान गरिएको छ।

८. गणित विषय शिक्षणमा प्रविधिको प्रयोगलाई प्रोत्साहन तथा विद्यार्थीको गणित सिकाइलाई सहज र रुचिपूर्ण बनाउन आधारभूत तथा माध्यमिक तहका गणित बिषयका ९९ जना शिक्षकहरूलाई गणित विषय शिक्षणमा ICT Smart Board & AI Simulation को प्रयोगसम्बन्धी तालिम प्रदान गरिएको छ।

९. यस अवधिमा १९ वटा विद्यालयका गणित, अंग्रेजी तथा विज्ञान बिषय शिक्षकहरूको कक्षा अवलोकन, नमूना पाठ प्रदर्शन, पृष्ठपोषण आदानप्रदान, विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापन तथा त्यसको प्रयोगमा प्रोत्साहन गरिएको छ। साथै, बालविकास तथा शिक्षाको ६ वटा सिकाइ कुना (Learning Corner) को व्यवस्थापनका लागि सहजीकरण गरिएको छ।

१०. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन अन्तर्गत ५७ वटा सामुदायिक विद्यालयका कक्षा ३ देखि ८ सम्मका कमजोर तथा सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीहरूको निदानात्मक परीक्षणमार्फत पहिचान गरी उपचारात्मक शिक्षण गरिएको छ।

११.माध्यमिक शिक्षामा विद्यार्थी भर्नादर अभिवृद्धि गर्न कक्षा ११ मा अध्ययनरत २५९ जना विद्यार्थीहरूलाई बार्षिक रु. १० हजारका दरले रु. २५ लाख ९० हजार शैक्षिक शुल्क प्रदान गरिएको छ।

१२.सामुदायिक विद्यालयमा विद्यार्थीको कक्षा उपस्थिति दर बढाउने दिवा खाजा व्यवस्थापनका लागि रु. १ करोड २ लाख ९ हजार खर्च गरिएको छ।

१३.नगरपालिकाभित्रका कक्षा ८ का ९०० जान विद्यार्थीहरूका लागि पारदर्शी तथा व्यवस्थित तवरले परीक्षा सञ्चालन गरिएको छ।

१४.कक्षा १० का विद्यार्थीहरूको विषयगत नतिजा सुधारका लागि एस.इ.इ. कमान्डो कक्षा सञ्चालन गरिएको छ।

**(ख) <u>स्वास्थ्य सेवा</u>**

१५.मातृ मृत्यु दरः नगरपालिकामा मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा ११९ जना रहेको छ। जुन राष्ट्रिय जनसांख्यिक र स्वास्थ्य सर्वेक्षण (NDHS-2021) को औसत (१५१ जना) भन्दा न्यून रहे तापनि दिगो विकास लक्ष्यको राष्ट्रिय लक्ष्य (७० जना) भन्दा माथि हो। समीक्षा अवधिमा कुल १ जना सुत्केरीको मृत्यु दर्ता भएको छ।

१६.संस्थागत प्रसुती सेवाः दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा हुने प्रसुती सेवा (संस्थागत प्रसुती) को दर २७.४३ प्रतिशत कायम भएको छ।

१७.नवशिशु मृत्यु दरः नगरपालिकामा नवशिशु मृत्युदर प्रति हजार जीवित जन्ममा ३.१७ जना मात्र रहेको छ, जुन राष्ट्रिय औसत (२१ जना) को तुलनामा निकै न्यून हो।

१८.पूर्ण खोप सुनिश्चितताः ९ देखि १५ महिनासम्मका बालबालिकाहरूको खोपमा पहुँच ९० प्रतिशतभन्दा माथि रहेको छ। घरधुरी सर्वेक्षण कार्य सम्पन्न भई ज्येष्ठ महिनाभित्र नगरपालिकालाई "पूर्ण खोप सुनिश्चितता" घोषणा गर्ने सम्पूर्ण प्रक्रिया पूरा गरिएको छ।

१९.पोषण स्थितिः बहुक्षेत्रीय पोषण योजना अन्तर्गत नगरपालिकामा हाल कुपोषण दर (उमेर अनुसारको तौल) १.११ प्रतिशत रहेको छ।

२०.स्वास्थ्य शिविर तथा परिक्षणः ३० वर्षमाथिका नागरिकहरूलाई लक्षित गरी सञ्चालन गरिएको विशेष शिविर तथा संस्थागत परीक्षणबाट ३५६ जनामा उच्च रक्तचाप, ६४ जनामा मधुमेह, ५२ जनामा मृगौलासम्बन्धी समस्या र १६६ जनामा मोटोपना पहिचान गरी स्क्रिनिङ (Screening) गरिएको छ।

२१.नियमित उपचार (OPD): नियमित बहिरङ्ग सेवा (OPD) अन्तर्गत २१४ जना उच्च रक्तचापका नयाँ बिरामी पहिचान भएका छन् भने १,०४३ जनाले फलो-अप सेवा लिएका छन्।

२२.विशिष्ट तथा दीर्घ रोग व्यवस्थापनः परशुराम नगरपालिकाको कुल जनसंख्याको करिब ३ प्रतिशत उच्च रक्तचाप, १.५ प्रतिशत मधुमेह र १.५ प्रतिशत दम तथा श्वासप्रश्वासका दीर्घ रोगीहरूले नियमित उपचार प्राप्त गरिरहेका छन्।

२३. आर्थिक सहायता र सहुलियतः नगरपालिकाभित्रका ४३ जना गम्भीर प्रकृतिका दीर्घ रोगीहरूलाई मासिक रु. ५,००० का दरले आर्थिक सहायता उपलब्ध गराइएको छ भने १९ जना बिरामीलाई दीर्घ रोगी उपचार सहुलियतका लागि सिफारिस गरिएको छ।

२४. क्षयरोग नियन्त्रणः "क्षयरोग मुक्त नेपाल" अभियान अन्तर्गत कृत्रिम बौद्धिकता (AI X-ray) प्रविधिबाट २०२ जना शंकास्पद बिरामीको परीक्षण र ३० जनाको जीन एक्सपर्ट (Gene Xpert) परीक्षण गरिएको छ। नगरपालिकामा क्षयरोगको नयाँ बिरामी पत्ता लगाउने दर (Case Notification Rate) ९६.२७ प्रतिशत र उपचार सफलता दर (Treatment Success Rate) ८३.८७ प्रतिशत रहेको छ।

२५. एच.आई.भी./एड्स तथा औलोः हाल ४८ जना संक्रमितहरूले नियमित ए.आर.टी. (ART) केन्द्रबाट उपचार सेवा लिइरहेका छन्। सन् २०२६ सम्म औलो उन्मूलन गर्ने राष्ट्रिय लक्ष्य अनुरूप कुल जनसंख्याको ५ प्रतिशत (१,८००) रक्त नमुना परीक्षण गर्ने वार्षिक लक्ष्य रहेकोमा समीक्षा अवधिसम्म १,४८२ वटा नमुना परीक्षण सम्पन्न भएका छन्। यसैगरी, ११० जनाले सामान्य सरुवा रोगको उपचार सेवा प्राप्त गरेका छन्।

२६. पूर्वाधार तथा संस्थागत पहुँचः नगरपालिकाका ९२ प्रतिशत वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना भइसकेका छन्। स्वास्थ्य केन्द्र स्थापना हुन बाँकी रहेको वडा नं. १२ मा हाल अस्पतालमार्फत नै आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिएको छ।

२७. औषधी व्यवस्थापनः स्वास्थ्य संस्थाहरूमा नेपाल सरकारद्वारा तोकिएका ९८ प्रकारका अत्यावश्यक औषधीहरूको निरन्तर उपलब्धता सुनिश्चित भएसँगै नागरिकहरूको स्वास्थ्य उपचारमा हुने व्यक्तिगत खर्च (Out-of-Pocket Expenditure) मा उल्लेखनीय कमी आएको छ।

२८. स्वास्थ्य बीमाः समीक्षा अवधिसम्म नगरपालिकाभित्र कुल ४,३९५ जना नागरिकहरू स्वास्थ्य बीमामा आबद्ध भएका छन्, जसमध्ये पुरुष २,०८३ र महिला २,३१२ जना रहेका छन्।

२९. वित्तीय प्रगतिः चालु आर्थिक वर्षको ९ महिनासम्ममा परशुराम नगरपालिकाको स्वास्थ्यतर्फको बजेटको आन्तरिक (चालु) तर्फ ३२.१३ प्रतिशत र नेपाल सरकारको सशर्त अनुदानतर्फ ५८.८३ प्रतिशत बजेट खर्च भएको छ।

**(ग) <u>कृषि सेवा तथा सहकारी</u>**

३०. समीक्षा अवधिमा बाली रोग तथा किरा नियन्त्रणका लागि आलु बालीमा लाग्ने डडुवा रोग नियन्त्रण गर्न १५० जना कृषकलाई १८५ प्याकेट डाइमेथोमर्फ (Dimethomorph) र तरकारी र मकैमा लाग्ने कीरा नियन्त्रणका लागि ५० जना कृषकलाई साइपरमाइथिन (Cypermethrin) निःशुल्करूपमा वितरण गरिएको छ।

३१. कृषि फसलको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न र बीउको गुणस्तर कायम राख्न ४०० कृषकहरूलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँ बिउँ "विजय र गौतम" १४३ क्विन्टल वितरण गरिएको छ। साथै, दुईवटा कृषक समूह र ११० जना

कृषकहरूलाई ५० प्रतिशत अनुदानमा २०.६ क्विन्टल उन्नत धानको बिउँ (बुहगुणी–२, सावाँ मन्सुली सब–१, सुख्खा–३) वितरण गरिएको छ।

३२. व्यावसायिक तरकारी खेतीको प्रवर्द्धन गर्न तथा कृषकको आयआर्जनलाई दीगो बनाउन १५० जना कृषकहरूलाई प्रति कृषक काक्रा,लौका,फर्सी,करेला, खुर्सानी र तनेबडीको बिउँ, ५०० ग्राम पोलीब्याग (Polybag) र ४ मिटर गमोज प्लास्टिक (Gambozo Plastic) वितरण गरिएको छ। साथै, बेमौसमी तरकारी खेतीसम्बन्धमा कृषकहरूलाई प्राविधिक सल्लाह समेत प्रदान गरिएको छ।

३३. बेमौसमी तरकारी उत्पादनलाई प्रोत्साहन गर्न ५० प्रतिशत अनुदानमा १२ वटै वडाका ३८ वटा व्यावसायिक कृषकहरूलाई प्लास्टिक छाना वितरण गरिएको छ।

३४. यस अवधिमा च्याउ खेतीलाई व्यावसायिक बनाउन २०० जना लाभग्राही कृषकहरूलाई च्याउको बिउँ र प्याकिङ्ग प्लाष्टिक (Packing Plastic) र ४ जना व्यावसायिक च्याउ खेती गर्ने कृषकलाई ६ वटा च्याउ उत्पादन गर्ने घर निर्माणका लागि प्लास्टिक छाना वितरण गरिएको छ।

३५. नगरपालिकाको १२ वटै वडाका गहुँ, आलु तथा बेमौसमी तरकारी खेतीको अनुगमन गरी कृषकहरूलाई स्थलगत रूपमा डडुवा रोग, फल कुहाउने औषा (कीरा), मकैको फौजी कीरा र खाद्य तत्वको व्यवस्थापनका बारेमा जानकारी र सल्लाह प्रदान गरिएको छ।

३६. कृषियोग्य भूमिमा सिँचाईको सुविधा उपलब्ध गराउन साना सिंचाई कार्यक्रम अन्तर्गत नगरपालिकाका १३ वटा कृषक समूह, कृषि फर्म तथा कृषकहरूसँग सम्झौता गरी कृषि पोखरी तथा सिँचाई कुलो निर्माण र पाईपबाट सिँचाई योजना सम्पन्न गरिएको छ। यसबाट लगभग २५-३० घरधुरीको खेतबारीमा सिँचाइ सुविधा पुग्ने अपेक्षा गरिएको छ।

३७. मौरीपालन व्यवसायलाई आधुनिक पद्धतिबाट सुरक्षित तथा व्यावसायिक रूपमा सञ्चालन गर्नका लागि समीक्षा अवधिमा नगरपालिकाभित्रका ९ वटा कृषक समूह, कृषि फर्म तथा कृषकहरूलाई मौरीसहितका गोला घार ७३ वटा, खाली घार ९५ वटा तथा क्वीन गेट (Queen Gate), घार स्टेन्ड (Hive Stand), स्वार्मिङ ब्याग (Bee Swarming Bag), घुम्टी (Bee Veil), रानु पिजडा र विभेल पञ्जा (Weevil Gloves) वितरण गरिएको छ।

३८. यस परशुराम नगरपालिकामा जम्मा १७ वटा सहकारी दर्ता रहेका छन्। जसमध्ये साविक डिभिजन सहकारीमा १५ वटा र २ वटा यस नगरपालिकामा दर्ता रहेका छन्। COPOMIS मा दर्ता भई सक्रिय रहेका सहकारी १२ वटा मात्र रहेका छन्। यसरी दर्ता भएका सहकारी मध्ये बचत तथा ऋण सहकारी ४ वटा, कृषि सहकारी ३ वटा, बहुउद्देशीय सहकारी २ वटा, विद्युत सहकारी २ वटा र सञ्चार सहकारी १ वटा रहेको छन्।

३९. यस अवधिमा वित्तीय पहुँचका लागि महिला विकास सहकारीका ५७ जना महिलालाई वित्तीय साक्षरता तथा क्षमता अभिवृद्धिसम्बन्धी तालिम प्रदान गरिएको छ। साथै, सहकारी लेखा व्यवस्थापन तथा वित्तीय विश्लेषण तालिममार्फत ५ जना पुरुष र १० जना महिला सहभागीलाई प्रमाणपत्र उपलब्ध गरिएको छ।

४०. समीक्षा अवधिमा ७ जना पुरुष र १७ जना महिलालाई COPOMIS सञ्चालन सम्बन्धी तालिम प्रदान गरिएको छ। यसबाट १२ वटा सहकारीहरू COPOMIS मा दर्ता भई विवरण अद्यावधिक गर्न सक्षम भएका छन्। साथै, यस अवधिमा १२ वटै सहकारीमा सहकारी शाखाबाट अनुगमन गरिएको छ।

४१. नगरपालिकाभित्र हाल ५ वटा वाणिज्य बैंकका शाखाहरू रहेका छन्।

## (घ) पशुपंक्षी सेवा

४२. समीक्षा अवधिमा जुनोटिक (पशुबाट मानिसमा सर्ने) रोग नियन्त्रण अन्तर्गत नगरपालिकाभित्रका ६४९ वटा सामुदायिक तथा घरपालुवा कुकुर र बिरालाहरूमा रेबिज रोग विरुद्धको खोप लगाइएको छ।

४३. त्यसैगरी, परशुराम नगरपालिकाभित्रका कुल २७,१६७ पशुपन्छीलाई महामारीजन्य रोग विरुद्ध प्रतिरोधात्मक खोप सेवा प्रदान गरिएको छ। जस अन्तर्गत १,०८६ वटा राँगा/भैंसी र २,९०० वटा गाई/गोरुलाई खोरेत विरुद्धको खोप तथा २३,१८१ वटा बाख्राहरूमा पिपिआर (PPR) खोप लगाइएको छ।

४४. समीक्षा अवधिमा स्थानीय जातका पशुपन्छीको उत्पादकत्व बढाउन नस्ल सुधार कार्यक्रममार्फत कुल ३१ वटा गाई तथा भैंसीहरूमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ।

४५. व्यावसायिक पशुपालन गरिरहेका कृषकहरूको मागका आधारमा घाँस उत्पादन वृद्धि गरी लागत घटाउने उद्देश्यले नगरपालिकाभरिका ५२२ जना पशुपालक कृषकहरूलाई उन्नत जातको घाँस (जै र बर्सीम) को बीउ वितरण गरिएको छ।

४६. समीक्षा अवधिमा ३,८०० गाई/भैंसी, २,५०० बाख्रा, १०९ कुकुर र २३० कुखुरा गरी कुल ६,६३९ पशुपन्छीको चिकित्सकीय उपचार गरिएको छ। यसैगरी, आन्तरिक परजीवी नियन्त्रणका लागि १४५ गाई/भैंसी र १० वटा बाख्राको गोबर परीक्षण गरी आवश्यक औषधी व्यवस्थापन गरिएको छ।

४७. पशु स्वास्थ्य समस्या समाधानका लागि १६० गाई/भैंसी, १२० बाख्रा र ३५ कुकुर गरी कुल ३१५ वटा पशुहरूको सामान्य शल्यक्रिया सेवा प्रदान गरिएको छ। यसैगरी, महामारीजन्य रोगको पूर्वसतर्कताका लागि २ वटा गाई/भैंसीमा "र्‍यापिड खोरेत टेस्ट" (Rapid FMD Test) गरिएको छ भने थप अनुसन्धानका लागि ४ वटा बाख्राको जैविक नमुना संकलन गरी प्रेषण गरिएको छ।

४८. यस अवधिमा नगरपालिकाभित्र २७ वटा कृषक समूहहरू गठन भएको छन्।

## (ङ) श्रम तथा रोजगार

४९. श्रम बजार र रोजगारीका अवसरहरूबारे सचेतना अभिवृद्धि गर्न आयोजित रोजगार अभिमुखीकरण कार्यक्रमबाट १४ जना स्थानीय युवाहरू लाभान्वित भएका छन्। यसैगरी, स्थानीय स्तरमा बेरोजगार नागरिकहरूलाई न्यूनतम रोजगारी उपलब्ध गराउने उद्देश्य

अनुरूप सञ्चालित कार्यक्रमहरूबाट कुल १४ जना नागरिकहरू रोजगारीमा खटिएका छन्।

५०. वैदेशिक रोजगारीबाट ज्ञान र सीप सिकेर फर्केका व्यक्तिहरूलाई स्थानीयस्तरमै उद्यमशील बनाउन संचालित कार्यक्रमबाट २० जना उद्यमीहरू लाभान्वित भएका छन्।

५१. यस्तै, सार्वजनिक सेवामा प्रवेश गराउने उद्देश्यले सञ्चालित लोकसेवा तयारी कक्षाबाट ११६ जना परीक्षार्थीहरू लाभान्वित भएका छन्।

५२. स्थानीय श्रम बजारमा रहेका जनशक्तिको वास्तविक लगत संकलन गर्ने क्रममा चालु आर्थिक वर्षमा १,२४५ जना बेरोजगार नागरिकहरूलाई रोजगार सूचना व्यवस्थापन प्रणाली (EMIS) मा दर्ता गरिएको छ।

५३. समीक्षा अवधिमा वैदेशिक रोजगारीमा जान इच्छुक २८ जना नागरिकहरूलाई आवश्यक परामर्श, अभिमुखीकरण तथा प्रक्रियागत सहजीकरण सेवा प्रदान गरिएको छ। यसैगरी, १६ जना श्रमिकहरूलाई पुनः श्रम स्वीकृति (Re-entry) सम्बन्धी सेवा स्थानीयस्तरबाटै उपलब्ध गराइएको छ।

५४. वैदेशिक रोजगारीका क्रममा विदेशमा असामयिक निधन भएका १ जना नेपाली श्रमिकको शव कानूनी तथा प्रशासनिक सहजीकरण गरी गाउँमै ल्याउने व्यवस्था मिलाइएको छ।

## (च) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक क्षेत्र

५५. वित्तीय साक्षरता र समूह परिचालनः आमा समूहका ४० जना सदस्यहरूलाई लक्षित गरी बचत तथा परिचालनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छन्। समीक्षा अवधिमा २ वटा नयाँ आमा समूह दर्ता भई संस्थागत रूपमा परिचालन भएका छन्।

५६. प्रविधि हस्तान्तरण र परम्परागत सीप प्रवर्द्धनः आदिवासी जनजाति महिलाहरूको परम्परागत सीपलाई आधुनिकीकरण र व्यवसायीकरण गर्नका लागि १ वटा समूह (१५ जना) लाई "दुना-टपरी" गाँस्ने मेसिन (प्रविधि) हस्तान्तरण गरिएको छ।

५७. सीपमूलक उद्यमशीलताः समीक्षा अवधिमा स्थानीय महिलाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्य अनुरूप १३ जना महिलाहरूलाई स्तरोन्नति फेसन डिजाइन (Advanced Fashion Design) तालिम प्रदान गरिएको छ।

५८. बालबालिकाको संस्थागत सहभागिताः नगरपालिकाभित्रका बालबालिकाहरूको नेतृत्व विकासका लागि १२ वटा बाल क्लबहरू गठन तथा पुनर्गठन गरिएका छन्। जसबाट कुल १६२ जना बालबालिकाहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

५९. सामाजिक सचेतना अभिवृद्धिः बालविवाह, छुवाछुत, लैङ्गिक तथा घरेलु हिंसा एवं समाजमा विद्यमान अन्य कुरीतिहरू विरुद्ध सञ्चालित सचेतना अभियानबाट १८० जना स्थानीय नागरिक तथा सरोकारवालाहरू सचेत भएका छन्।

६०. लागुपदार्थ दुर्व्यसनी विरूद्ध सचेतना कार्यक्रमः नेपाल प्रहरीसँगको समन्वयमा माध्यमिक तहका ८ वटा विद्यालयहरूमा लागुऔषध दुर्व्यसनीका विरूद्ध ५६० जना विद्यार्थीहरूलाई ज्ञान, सचेतना तथा अभिमुखीकरण गरिएको छ।

६१. अपाङ्गता परिचयपत्र वितरणः स्थानीय समन्वय समितिको बैठक ३ पटक बसेको र सोको निर्णय एवं सिफारिसका आधारमा लक्षित वर्ग पहिचान गरी "ख" वर्ग (नीलो रङ) को अपाङ्गता भएका ८ जना, "ग" वर्ग (पहेंलो रङ) १ जना र "घ" वर्ग (सेतो रङ) २ जना गरी जम्मा ११ जना नागरिकहरूलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।

## (छ) लघु उद्यम, सीप तथा तालिम र उद्यमशीलता विकास

६२. समीक्षा अवधिमा महिलाहरूका लागि आधारभूत फेसन डिजाइन तालिमबाट २२ जना महिलाहरूले तालिम प्राप्त गरेका छन्।

६३. बजारको उच्च माग र सम्भावना भएको कपाल काट्ने तालिम (Hair-cutting Training) बाट ६ जना महिला र १४ पुरूष गरी जम्मा २० जनाले र Video Editing, Gimbal Operating and Drone Handling तालिमबाट क्रमशः ५ जना महिला र २० जना पुरूष गरी २५ जनाले तालिम प्राप्त गरेका छन्।

६४. उद्यमशीलता विकास तालिमबाट २२ जना महिलाहरूले व्यावसायिक योजना तर्जुमा गर्ने तथा बजारीकरणसम्बन्धी सीप हासिल गरेका छन्।

## (ज) वन, वातावरण तथा विपद् व्यवस्थापन

६५. वि.सं. २०७८ सालको बाढी/पहिरो लगायतका विपद्‌बाट प्रभावित घरधुरीहरूको सुरक्षित आवास पुनर्निर्माण कार्य अन्तर्गत पहिलो किस्ताबापत कुल रु. ५१ लाख अनुदान रकम वितरण भइसकेको छ।

६६. पुनर्निर्माण कार्यलाई सुरक्षित र भूकम्प प्रतिरोधी बनाउन १०२ घरधुरीका सरोकारवालाहरूलाई निजी आवास पुनर्निर्माण, भवन आचारसंहिता, भवन तथा आवास निर्माण प्रक्रिया र सुरक्षित घर छनोटसम्बन्धी अभिमुखीकरण प्रदान गरिएको छ।

६७. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) र निड्स नेपाल (NEEDS Nepal) सँगको समन्वय र सहजीकरणमा समुदायस्तरमा २४ जना "विपद् स्वयंसेवक" तयार गरिएका छन्।

६८. वातावरणीय स्वच्छता कायम राख्न ४० माइक्रोनभन्दा न्यून गुणस्तरका प्लाष्टिकका झोलाहरूलाई पूर्ण रूपमा प्रतिबन्ध (बन्द) गरिएको छ। प्रतिबन्धित प्लाष्टिकको विकल्पका रूपमा स्थानीयस्तरमै फाइबर झोला उत्पादन गर्नका लागि व्यावसायिक तालिम प्रदान गरिएको छ।

६९. नगरपालिकामा भू-उपयोग मापदण्ड तयार गरिएको छ। नाङ्गा डाँडा र पहिरो एवं कटानको जोखिममा रहेका क्षेत्रहरू पहिचान गरी जैविक विविधता संरक्षण र पर्यटन प्रवर्द्धनका लागि वृक्षारोपण कार्यलाई अगाडि बढाइएको छ।

७०. SCOP-R3 परियोजनामार्फत नगरपालिकाका ६ वटा समुदायमा आधारित विपद् व्यवस्थापन समिति (CDMC) हरूमा जलवायु अनुकूलन र जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालनमा

रहेका छन्। जस अन्तर्गत अनुकूलित तरकारी खेती र माछा पोखरी निर्माण जस्ता कार्यहरू भइरहेका छन्।

७१. सूचना प्रविधिको उपयोग गर्दै सामाजिक सञ्जाल ग्रुप (Social Media Group), सीडीएमसी (CDMC) सञ्जाल र बल्क एसएमएस (Bulk SMS) मार्फत पूर्वसूचना प्रवाह गर्ने संयन्त्र स्थापना गरिएको छ।

७२. जोखिमयुक्त स्वास्थ्यजन्य फोहोरमैलाको सुरक्षित व्यवस्थापनका लागि युनिसेफ (UNICEF) र छाया नेपाल (CHHYA Nepal) को साझेदारी एवं सहकार्यमा स्वास्थ्य संस्थाहरूमा अटोक्लेभ (Autoclave) प्रविधि जडान लगायतका कार्यहरू प्रभावकारी रूपमा अगाडि बढाइएको छ।

## (झ) राजस्व तथा आर्थिक प्रशासन

७३. २०८३ जेठ मसान्तसम्म नगरपालिकाको कुल संशोधित बजेट रु. ८० करोड १३ लाख ९ हजार ४ सय ३५ रहको छ, जसमध्ये चालुतर्फ रु. ५५ करोड ९८ लाख १९ हजार ६३ र पुंजीगततर्फ रु. २४ करोड १४ लाख ९० हजार ३ सय ७१ रहेको छ।

७४. यस अवधिमा नगरपालिकाको कुल आम्दानी रु. ६५ करोड २० लाख ६३ हजार ७ सय ७७ रहेको छ।

७५. समीक्षा अवधिमा नगरपालिकाको कुल खर्च ४७ करोड १८ लाख ६८ हजार ९२ रहेको छ, जुन कुल संशोधित बजेटको ५८.८८ प्रतिशत हो। यस्तै, कुल खर्चमध्ये चालु खर्च रु. ४१ करोड ५७ लाख ४८ हजार ८ सय ७ रहेको छ, जुन कुल चालुतर्फ विनियोजित बजेटको ७४.२६ प्रतिशत हो। यस्तै, कुल खर्चमध्ये पुँजीगत खर्च रु. ५ करोड ६१ लाख १९ हजार २ सय ८४ भएको छ, जुन कुल पुँजीगततर्फ विनियोजित बजेटको २३.२३ प्रतिशत मात्र हो।

७६. राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउने नीति अनुरूप नगरपालिकाका १२ वटै वडा कार्यालयहरूमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत डिजिटल माध्यमबाट राजस्व संकलन कार्य पूर्ण रूपमा सञ्चालन गरिएको छ।

७७. सूत्र (SuTRA) प्रणालीको प्रयोग भएसँगै राजस्व संकलनको सम्पूर्ण प्रक्रियामा पारदर्शिता कायम हुनुका साथै आर्थिक उत्तरदायित्व र वित्तीय सुशासन प्रवर्द्धनमा सुधार आएको छ।

७८. समीक्षा अवधिमा २८ वटा 'घ' वर्गका निर्माण व्यवसायीहरूको इजाजतपत्र नवीकरण गरिएको छ भने १ वटा नयाँ इजाजतपत्र दर्ता गरी कानूनी दायरामा ल्याइएको छ।

७९. स्थानीय यातायात व्यवस्थापन र यातायात कर संकलन अन्तर्गत चालु आर्थिक वर्षमा ११ वटा तिन पाङ्ग्रे सवारी साधनहरू नयाँ दर्ता गरिएका छन् भने पूर्वदर्ता भएका मध्ये ८ वटा सवारी साधनहरूको नवीकरण गरिएको छ। साथै, क्षेत्राधिकार परिवर्तनका लागि १ वटा सवारी साधनको दर्ता स्थानान्तरण (ट्रान्सफर) गरी सम्बन्धित कार्यालयमा पठाइएको छ।

८०. राजस्व चुहावट नियन्त्रण, कर सचेतना र राजस्व संकलनमा प्रभावकारिता ल्याउनका लागि संघीय तथा प्रादेशिक कार्यालयहरू, नगरपालिकाका विभिन्न शाखाहरू र वडा कार्यालयहरूबीच निरन्तर पत्राचार एवं कार्यगत समन्वय र सहकार्य सुदृढ बनाइएको छ।

## (ञ) योजना तथा पूर्वाधार विकास

८१. समीक्षा अवधिमा उपभोक्ता समितिहरूसँग सम्झौता भएका कुल योजना २८५ वटा रहेको छन्। जसमध्ये खानेपानीतर्फ ४८ वटा, सिँचाई तथा कुलो निर्माणतर्फ ९१ वटा, सडक निर्माण तथा स्तरोन्नतीतर्फ २८ वटा, पोखरी तथा कुवा निर्माणतर्फ ९ वटा, भवन तथा ट्रस निर्माणतर्फ २८ वटा, मन्दिर तथा धार्मीक संरचना निर्माणतर्फ ४३ वटा, घेरापर्खाल निर्माणतर्फ ११ वटा, र अन्यतर्फ २७ वटा रहेका छन्। जसमध्ये हालसम्म १५० भन्दा बढी योजनाहरूको कार्यसम्पन्न भई भुक्तानी समेत भइसकेको छ।

८२. चालु आर्थिक वर्षमा ठेक्का प्रक्रियाबाट कार्यान्वयनमा रहेका ४८ वटा आयोजना रहेका छन्। जसमध्ये १९ वटा आयोजनाको निर्माण कार्य सम्पन्न भइसकेको छ। चालु आर्थिक वर्षको अन्तसम्ममा कुल २८ वटा आयोजनाहरू सम्पन्न हुने अनुमान गरिएको छ।

८३. चालु आर्थिक वर्षको समीक्षा अवधिसम्म ४ वटा सडक, २ वटा झोलुङ्गे पुल, ३ वटा भवन, ३ वटा खानेपानी संरचना, ३ वटा सिँचाई तथा तटबन्ध संरचना तथा ६ वटा शिक्षा तथा स्वास्थ्य पूर्वाधार संरचनाको निर्माण कार्य सम्पन्न भएका छन्।

८४. आयोजना हस्तान्तरणको अभ्यास शुरू गरिएको छ। यस अवधिमा नौ ९ वटा आयोजना हस्तान्तरण गर्ने निर्णय भएको छ।

## (ट) सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा

८५. समीक्षा अवधिमा १२ वटै वडा कार्यालयहरूमा गई ८,५७५ जना नागरिकलाई राष्ट्रिय परिचयपत्र  वितरण गरिएको छ।

८६. घुम्ती सेवा प्रवाह अन्तर्गत नगरपालिकाका भौगोलिक रूपमा विकट वडाहरूः वडा नं. २, ७, ८, १० र ११ मा बैंकका कर्मचारी, सुरक्षाकर्मी र नगर कार्यपालिकाको शाखा कर्मचारी गएर ४८० जना लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

८७. समीक्षा अवधिमा नगरपालिकाभित्र जन्म दर्ता ९१९ जना, मृत्यु दर्ता १८३ जना, विवाह दर्ता ४२७ जना र सम्बन्धविच्छेद दर्ता ९ जनाको भएको छ।

८८. नगरपालिकाका १२ वटै वडामा बायोमेट्रिक मेसिन (Biometric Machine) जडान तथा प्रयोगसम्बन्धी वडा सचिवहरूलाई अभिमुखीकरण गरिएको छ।

## (ठ) कानून निर्माण तथा न्यायिक समिति

८९. चालु आर्थिक वर्षको समीक्षा अवधिमा नगरपालिकाले ८ वटा कानून तर्जुमा गरेको छ। जसमध्ये ३ वटा ऐन र ५ वटा कार्यविधि रहेका छन्। साथै, उपभोक्ता समितिको गठन

तथा सञ्चालन सम्बन्धी र सोझै खरिदसम्बन्धी नमूना कार्यसञ्चालन विधिहरू स्वीकृत गरिएको छन्।

९०. यस अवधिमा न्यायिक समितिमा १० वटा विषयहरू दर्ता भएकोमा हालसम्म ७ वटाको फस्र्यौट भएको छ।

९१. मानव अधिकारको संवर्द्धन तथा प्रवर्द्धन, द्वन्द रूपान्तरण र घरेलु हिंसा न्यूनिकरण विषयमा १२ वटै वडाका मेलमिलाप केन्द्रहरूसहित समुदायका मानिसहरूलाई कानूनी सचेतना तथा प्रशिक्षण प्रदान गरिएको छ।